**एजेण्डाहरु :-**

१. पुलको डि.पि.आर. निर्माण सम्बन्धमा ।
२. सडक पुल र झोलुङ्गे पुल सम्बन्धमा ।
३. ढुङ्गा, गिट्टी, बालुवा ठेक्का लगाउने विषय अनुमोदन सम्बन्धमा ।
४. जनप्रतिनिधीहरुको २०७४ असारको बाँकी रहेको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. १**

यस गोदावरी नगरपालिकाको क्षेत्र भित्र पर्ने चाक्लेखोलामा र हरैया लालपुर (रामचन्द्र ओझाको घर नजिक) मा मोटरेवल पुलका लागि डि.पि.आर. तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :**

यस गोदावरी नगरपालिकाले आ.व. २०७५/०७६ मा पुलहरु निर्माणका लागि तपशिलका ठाँउहरुमा झोलुङ्गे एवम मोटरेवल पुल निर्माण गर्ने निर्णय गरियो ।

तपशिल :

**पक्की पुल तर्फ**

क) गेडेपानी नाला पक्की पुल गो.न.पा २
ख) गौडधोवा खोला पक्की पुल गो.न.पा. ६
ग) चैतन्यपुर खैराना खोला पक्की पुल गो.न.पा. १

**झोलुङ्गे पुल तर्फ**

क) अर्धनागेश्वर त्रिवेणीघाट (काली खोला) झोलुङ्गे पुल गो.न.पा. ४
ख) सल्ली डौडीखोला झोलुङ्गे पुल गो.न.पा. १२

**निर्णय नं ३ :**

मिति २०७५ भाद्र १८ गतेको खुटिया गोदावरी खैरागन नदीबाट ढुङ्गा गिट्टी, बालुवा तथा ग्राभेल आदी नदी जन्यपदार्थको उपयोग वाफत लिईने प्राकृतिक श्रोत कर संकलन सम्बन्धी पर्न आएका प्रस्तावहरु मध्ये निम्नानुसारका फर्मले कबोल गरेको निम्नानुसारको रकम सारभूत रुपमा प्रभावग्राही रहेको देखिएको भनी मुल्याङ्कन समितिबाट सिफारिस भई कार्यालयले पेश गरे बमोजिम स्विकृत गर्ने र बोलपत्र स्विकृतीको आशयको सूचनाको ७ दिने म्याद दिदा ढिलो हुने देखि तत्कालै उक्त फर्महरु संग सम्झौता प्रक्रियालाई अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | प्राकृतिक श्रोत कर संकलन गरिने नदीको नाम | बोलपत्रदाता फर्म/ कम्पनीको नाम, ठेगाना | ठेक्का कबुल रकम (रु.) |
|---|---|---|---|
| १ | खुटिया नदी | दाहाल मल्टीट्रेड प्रा.लि., धनगढी | ८७,९००,०००।०० |
| २ | गोदावरी नदी | स्वाँर कन्स्ट्रक्सन, अछाम | १२,०००,०००।०० |
| ३ | खैराना नदी | दाहाल मल्टीट्रेड प्रा.लि., धनगढी | १९,१००,०००।०० |

**निर्णय नं ४ :**

प्रस्तुत सम्बन्धमा यस गोदावरी नगरपालिकाका जनप्रतिनिधिहरुको मिति २०७४ असारमा पदभार ग्रहण देखि असार मसान्त सम्मको पारिश्रमिक भुक्तानी हुन बाँकी रहेकोले उक्त रकम नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।